नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(.................................................. शाखा)

प.सं. ०८१/८२
च.नं. ६६

मिति २०८१।०४।२८

श्री सबै महानगर/उपमहानगर/नगर तथा गाँउपालिकाहरू ।

मार्फत: श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।

विषय: उद्यमशीलता तथा वित्तीय साक्षरता (GYB/SYB) तालिमका लागी प्रस्ताव पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्ले विगत वर्षहरूदेखि १६ देखि ४० वर्षका युवाहरूलाई लक्षित गरी सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरताको आधारभूत तालिम सञ्चालन गर्दै आइरहेको छ। राष्ट्रिय युवा परिषद्ले विगत वर्षहरूदेखि सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम लक्षित वर्गमा कर्जा प्रवाह गर्ने प्रयोजनले उक्त कार्यविधिको प्रभावकारी कार्यान्वयन तथा कार्यक्रमको प्रभावकारीताको लागि स्थानीय तह र कुनै सम्बन्धित वाणिज्य बैंकहरूबीच त्रिपक्षीय सम्झौता गरी सहकार्य पनि गर्दै आएको छ। यसै सन्दर्भमा नेपाली युवाको समग्र विकासका लागि रोजगारी, उद्यमशिलता र सिप विकासमा जोड दिंदै नेपाली युवालाई उद्यमशील, स्वरोजगार र आत्मनिर्भर बनाउँदै सबल अर्थतन्त्रको विकासका माध्यमबाट समृद्ध नेपाल निर्माणमा युवाहरूलाई सहभागि गराउन यस परिषद्को आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत एक समुहमा ३० देखी ३५ जना रहनेगरी करिब एक हजार जना व्यवसाय गरिरहेका तथा गर्न इच्छुक युवाहरुलाइ ILO तालिम प्याकेज अनुरुप ७ दिने उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम दिने लक्ष्य रहेकाले तालिम सञ्चालन गर्न इच्छुक स्थानीय तहहरुले यही मिति २०८१ भाद्र ३१ गतेभित्र राष्ट्रिय युवा परिषदमा वा इमेल मार्फत nycgybsyb@gmail.com/info@nyc.gov.np मा प्रस्ताव पठाउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

दिनेश घिमिरे

प्रशासकीय प्रमुख

**नोट:** स्थानीय तहले उपयुक्त हल तथा तालिम अवधिभर २ जना प्रशिक्षकको खाना तथा आवासको व्यवस्थापन अनिवार्य रुपमा गर्नुपर्नेछ भने अन्य तालिम खर्च व्यवस्थापन सम्बन्धमा पछी प्रस्ताव स्वीकृत भएपश्चात सम्झौता हुनु अगावै परिषद् र स्थानीय तहको आपसि सहमतिमा टुङ्ग्याईनेछ ।

वेबसाइट: www.nyc.gov.np इमेल: info@nyc.gov.np ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष)

Scanned with CamScanner

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर, नेपाल
(..........................................शाखा)

प.सं. ०८१/८२
च.नं. ६८

मिति २०८१।०४।३०

श्री सम्बन्धित सबै ।

**विषय: रोजगारमूलक सिप बिकास कार्यक्रमका लागि माग पेश गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्ले विगत वर्षहरुदेखि १६ देखि ४० वर्षका युवाहरुलाई लक्षित गरी बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । नेपाली युवाको समग्र विकासका लागि राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०२५ तथा दशवर्षे रणनीतिक योजनामा उल्लेखित युवा विकासका पाँच आधारस्तम्भहरुमध्ये रोजगारी, उद्यमशिलता र सिप विकासमा जोड दिदैं नेपाली युवालाई उद्यमशील, स्वरोजगार र आत्मनिर्भर बनाउँदै सवल अर्थतन्त्रको विकासका माध्यमबाट समृद्ध नेपाल निर्माणमा युबालाई सहभागि गराउन यस परिषद्को आ. व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बिभिन्न विषय क्षेत्रमा युवाहरुका लागि रोजगारमूलक सिप बिकास कार्यक्रम संचालन गरिने भएकाले मागमा आधारित तालिम संचालन गर्ने प्रयोजनार्थ तपसिल बमोजिम योग्यता पुगेका इच्छुक युवाहरुले मिति २०८१।०५।३० गतेभित्र यस परिषदमा वा दिइएको गुगल फर्मको लिङ्क क्लिक गरी आफ्नो आवश्यक्ता र रुची अनुसारको विषयमा माग पेश गर्नुहन अनुरोध छ ।

कर्णबहादुर कवर
उपसचिव

फारामको लागि
QR scan गर्नुहोला ।

तपसील :

१। नेपाली नागरिक हुनुपर्ने ।

२। १६ देखि ४० वर्षका युवाहरु हुनुपर्ने तर रिटर्नीलाई उमेर हद नलाग्ने ।

३। कम्तिमा कक्षा ८ उत्तीर्ण हुनुपर्ने तर तालिमको प्रकृति अनुसार विद्यमान व्यवस्था बमोजिम सिलाई, बुनाई, केश कर्तन, शिशु स्याहार, घर निर्माण, काठ, बाँस तथा धातुमा आधारित सामाग्रीको निर्माण, प्रशोधन तथा प्याकेजिङ्ग लगायतका बिषयमा साधारण लेखपढ गर्नसक्ने व्यक्ती ।

४। तालिममा सहभागी हुने युवाहरु उद्यम सुरुवात गर्न तयारी अवस्थामा रहेको हुनुपर्ने ।

Scanned with CamScanner

## उद्यमशीलता तथा वित्तिय साक्षरता (GYB/SYB) तालिम प्रस्तावनाको नमुना ढाँचा

१ तालिम कार्यक्रमको परिचयः

२ तालिम कार्यक्रमको उद्देश्यः

३ तालिम कार्यक्रमको औचित्य र महत्वः (आफ्नो पालिकाको अवस्था र आवश्यक्ताका आधारमा)

४ सहभागी बिवरण र छनौट प्रकृयाः

५ कार्यक्रम संचालन हुने मिति समय र स्थानः

६ खर्च व्यवस्थापनः (स्रोत सुनिश्चिततासहित)

७ संभावित प्रभाव तथा उपलब्धिः

८ निश्कर्षः

*नोटः यसको अलावा अन्य ढाँचा समेत प्रयोग गर्न सकिनेछ ।*

Scanned with CamScanner